FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)
# गैर आवासीय नेपाली संघ

Ref.: N-56108

मितिः २०६४ माघ ३

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

सिन्धुपाल्चोक निवासी नेपाली नागरिक श्रीमती डोल्मा शेर्पालाई कुवेतको अदालतले मृत्युदण्ड सुनाएको खबरले समस्त गैरआवासीय नेपाली समूदायलाई अत्यन्त दुःखीत तुल्याएको छ । आजको विश्वमा मृत्युदण्डको सजाय आफैमा मानवधिकारको सामान्य स्थापित सिद्धान्त विपरित हो भन्ने हाम्रो विश्वास छ । कुनै पनि व्यक्तिको ज्यान कुनै पनि बहानामा लिइनु हुन्न भन्ने हाम्रो ठहर छ । त्यस माथि पनि सानो बच्चाकी आमा डोल्मा शेर्पाको मृत्युदण्ड कार्यान्वयन भएमा उनको छोराको अधिकार समेत कुण्ठित हुनेछ ।

तसर्थ डोल्माको जीवनरक्षा र अन्तर्राष्ट्रिय प्रचलन अनुसार उनले पाउने जेल सजाय नेपालमा नै गुजारा गर्न सक्ने गरी कुवेत सरकार समक्ष पहल गरिदिनु हुन नेपाल सरकार समक्ष हार्दिक आग्रह गर्दछौं ।

सरकारको तर्फबाट र व्यक्तिगत रुपमा पनि सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय परराष्ट्र मन्त्रीज्यूहरुको पहलबाट एक नेपाली महीलाको जीवनरक्षा हुनसके विश्वभरी छरिएर रहेका नेपालीहरु अनुगृहित हुने थियौं । डोल्मा शेर्पाको प्राण रक्षाको निम्ति गैरआवासीय नेपाली संघबाट हुन सक्ने सहयोगको लागि हामी तत्पर रहेको कुरा पनि सम्माननीय प्रधानमन्त्रीज्यूमा जानकारी गराउँदछौं ।

भवदीय,

उपेन्द्र महतो
अध्यक्ष

बोधार्थ : माननीय परराष्ट्र मन्त्रीज्यू,
परराष्ट्र मन्त्रालय ।

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg, Teku, P O Box 269, Kathmandu, Nepal.
Tel: (+977-1) 4215247 / 4262061 / 4262218, Fax: (+977-1) 4215247, Email: nrn@nrn.org.np, URL: www.nrn.org.np